# श्री राष्ट्रिय सूचना आयोगको

## आदेश

मु.नं. १७/२०६९/०७०

दोलखा जिल्ला जिरी गा.वि.स. वडा नं. ७ बस्ने हाट डाँडा कुडार खावा ग्रामीण सडक उपभोक्ता समितिका अध्यक्ष कृष्णबहादुर खड्का ..........................................................................................१ पुनरावेदक

**विरूद्ध**

सूचना अधिकारी, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमडौं ................................१ विपक्षी

विषय :- सूचनाको हक अन्तरगत नेपाल राष्ट्र बैंकबाट अनुगमनको रिपोर्ट उपब्ध गराई पाँऊ ।

दोलखा जिल्ला जिरी गा.वि.स. वडा नं. ७ बस्ने हाट डाँडा कुडार खावा ग्रामीण सडक उपभोक्ता समितिका अध्यक्ष कृष्णबहादुर खड्काले अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठामाडौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७०।५।१८ मा पुनरावेदन गरेको र यस आयोगको मिति २०७१।०२।१३ को आदेश बमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठामडौंको मिति २०७१।०३।११, प.सं.सूचना ०६९/०७० को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना, सूचना बापत लाग्ने राजश्व रकम (सूचनाको हकसम्बन्धी नियमाबली, २०६५ को नियम ४(२) अनुसार) बुझाई लिनुहुनु भन्ने बोधार्थ पत्र यस आयोगमा प्राप्त हुन आएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| | | |
|---|---|---|
| यशोदा देवी तिम्सिना | किरण कुमार पोंखरेल | कृष्णहरि बाँस्कोटा |
| (सूचना आयुक्त) | (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७१ साल माघ २२ गते रोज ५ शुभम् ।